मिति २०७८ साल असार ०४ गतेको कार्यपालिका बैठकको निर्णय

**प्रस्तावित विषयहरुः-**

१. समीक्षा तथा प्रतिवेदन सम्बन्धमा ।
२. पूर्ण खोप दिगोपना सुनिश्चितता घोषणा ।
३. कक्षा थप अनुमति सम्बन्धमा ।
४. भूउपयोग कार्यान्वयन समिति गठन सम्बन्धमा ।
५. बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएको प्रस्ताव सम्बन्धमा ।
६. बजेट, नीति तथा कार्यक्रम सम्बन्धमा ।
७. विधेयक सम्बन्धमा ।
८. कार्यक्रम संशोधन सम्बन्धमा ।
९. प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा ।
१०. समपूरक तथा विशेष अनुदान माग सम्बन्धमा ।
११. वार्षिक प्रतिवेदन सम्बन्धमा ।
१२. विविध सम्बन्धमा ।

**निर्णयहरुः-**

**१. निर्णय नं. १,** प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा यस लिखु गाउँपालिकाको विगतका कार्यपालिकाको बैठकका समग्र निर्णयहरु तथा कोभिड १९ माहामारीको रोकथाम तथा नियन्त्रण सम्बन्धी निर्णयहरु क्रमशः प्रभावकारी रुपमा कार्यान्वयन भईरहेको अवस्थामा अझ यसलाई थप प्रभावकारी रुपमा कार्यान्वयन गर्न सरोकारवाला पक्षहरु बीचमा समन्वय गरी अगाडि बढ्ने सर्वसम्मतबाट निर्णय गरियो ।

**२. निर्णय नं. २,** प्रस्ताव नं. २ माथि आवश्यक छलफल गर्दा यस गाउँपालिका भित्र रहेका १६ देखि २३ महिनाका सम्पूर्ण बालबालिकाहरुले राष्ट्रिय खोप तालिका अनुसार देहाय बमोजिम सम्पूर्ण खोप पुरा गरेको व्यहोरा स्वास्थ्य संस्था प्रमुख तथा वडाध्यक्षहरु मार्फत प्रमाणित भई आएकोले यस गाउँपालिकालाई पूर्णखोप दिगोपना सुनिश्चितता घोषणा गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

| क्र.स. | वडा नं. | १६-२३ महिनाका बच्चा संख्या |
|---|---|---|
| १ | १ | १२ |
| २ | २ | ९ |
| ३ | ३ | ७ |
| ४ | ४ | ७ |

| | | |
|---|---|---|
| ५ | ५ | १० |
| ६ | ६ | ६ |
| ७ | ७ | ९ |
| ८ | ८ | १४ |
| ९ | ९ | ४० |
| | जम्मा | ११४ |

३. **निर्णय नं. ३,** प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा मिति २०७८/०२/३१ गतेको गाउँ शिक्षा समितिको ओम राइजिङ स्टार बोर्डिङ स्कुलले कक्षा थपको लागि निवेदन, प्रस्ताव र आवश्यक कागजात पेश गरि सबै प्रक्रिया पुगि आएकोले लिखु गाउँपालिकाको शिक्षा नियमावली, २०७५ को परिच्छेद २ को नियम १८ को उपनियम २ बमोजिम कक्षा ४ सम्म कक्षा थपको अनुमति दिने निर्णयको प्रस्तावलाई अनुमोदन गर्ने सर्वसम्मतबाट निर्णय गरियो। गाउँ शिक्षा समितिको निर्णय यसै साथ संलग्न छ।

४. **निर्णय नं. ४,** प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा भूउपयोग ऐन, २०७६ को दफा २०(१) अनुसार देहायको भूउपयोग कार्यान्वयन समिति गठन गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

अध्यक्ष- गोविन्द बहादुर पौडेल (अध्यक्ष)

सदस्य - सम्बन्धित वडाको वडाध्यक्ष

सदस्य- रविशंकर कुमार दास ( ईञ्जिनियर)

सदस्य- लबहरी खत्री ( कृषि शाखा प्रमुख)

सदस्य- सरोकारवालाहरुबाट स्थानीय भूउपयोग परिषद्ले तोकेको दुईजना महिला सहित चार जना सदस्य

सदस्य सचिव- अभय कुमार गुप्ता (प्रमुख प्रशासकीय अधिकृत)

५. **निर्णय नं. ५,** प्रस्ताव नं. ५ माथि आवश्यक छलफल गर्दा बजेट तथा कार्यक्रम तर्जुमा समितिको सिमा निर्धारण शंसोधन तथा कर्मचारी तलब भत्ता बृद्धि सम्बन्धी प्रस्तावलाई स्वीकृति गर्ने सर्वसम्मतबाट निर्णय गरियो। समितिको निर्णय यसै साथ संलग्न छ।

६. **निर्णय नं. ६,** प्रस्ताव नं. ६ माथि आवश्यक छलफल गर्दा बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएको आ.व. २०७८/७९ को बजेट, नीति तथा कार्यक्रम पारित गरि आगामि दशौं गाउँ सभामा पेश गर्ने सर्बसम्मतबाट निर्णय गरियो। बजेट, नीति तथा कार्यक्रम यसै साथ संलग्न छ।

**७. निर्णय नं. ७,** प्रस्ताव नं. ७ माथि आवश्यक छलफल गर्दा विधेयक समितिबाट प्रस्ताव भएका देहायका विधेयकहरु पारित गरि आगामि दशौं गाउँ सभामा पेश गर्ने सर्बसम्मतबाट निर्णय गरियो। विधेयकहरु यसै साथ संलग्न छन्।

- आर्थिक विधेयक, २०७८
- विनियोजन विधेयक, २०७८

**८. निर्णय नं. ८,** प्रस्ताव नं. ८ माथि आवश्यक छलफल गर्दा आ.व. ०७७/७८ को देहायका योजना तथा कार्यक्रम संशोधन स्वीकृतिको लागि आगामि दशौं गाउँ सभामा पेश गर्ने सर्बसम्मतबाट निर्णय गरियो।

| **सि.नं.** | **संशोधन गरिएको योजना** | **संशोधन भई कायम भएको योजना** | **कार्यपालिकाको निर्णय मिति** |
|---|---|---|---|
| १. | लेती १ विद्युत मर्मत | लेती १ कल्याण घुम्ती सोलिङ्ग | २०७८/०१/१९ |
| २. | सिद्धमनपुर पाण्डेटोल जामुनेटोल सडक निर्माण | पँधेरोखोला महादेवटार सडक निर्माण | २०७८/१२/१२ |

**९. निर्णय नं. ९,** प्रस्ताव नं. ९ माथि आवश्यक छलफल गर्दा आ.व. ०७८/७९ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालन हुने देहाय अनुसारका योजनाहरु पारित गरि आगामि दशौं गाउँ सभामा स्वीकृतिको लागि पेश गर्ने सर्बसम्मतबाट निर्णय गरियो।

| वडा नं. | योजनाहरु |
|---|---|
| १ | सिलढुंगा पधेरो सिंचाई पोखरी तथा खानेपानी व्यवस्थापन योजना |
| | सुनारपानी कुवा, च्यूरीडाँडा, पसलटार, नौविसे गोरेटोबाटो निर्माण योजना |
| | कत्ले दह खेत संरक्षण तथा सडक तार जालि बुन्ने तथा ढुवानि योजना |
| २ | हुलाकचौर, ढलेपिपल, सिम्ले सडक स्तरोन्नती योजना |
| | पुरानो मूलबाटो सुधार योजना |
| ३ | भिमशेनस्थान, जोगिडाँडा सडक स्तरोन्नती योजना |
| | झ्याप्ले, बाघखोर डाँडा, स्वास्थ्य चौकि सडक सोलिङ्ग योजना |
| | रजाय ,जाल्पादेवि, जोगिडाँडा गोरेटो बाटो निर्माण योजना |
| ४ | जुके, डाँडा गाँउ सिंचाई कुलो मर्मत योजना |
| | डाँडा गाउँ, मोहोरिया सडक स्तरोन्नती योजना |
| ५ | लिखु ५ बाटो मर्मत योजना |
| | बाटुले, बतासे सडक निर्माण योजना |
| | गंगटे, महभिर, कुटिडाँडा सिंचाई कुलो मर्मत योजना |
| ६ | माटेवेशी, खाल्टे, राम्चे रवेबर सडक स्तरोन्नती योजना |

| | |
|---|---|
| | दार्हेगौडा, खाल्टे सडक स्तरोन्नती योजना |
| ७ | विद्यालय खेलमैदान मर्मत योजना |
| | लिखु  ७ पहिरो नियन्त्रण योजना |
| | लिखु ७ सडक मर्मत योजना |
| ८ | सिरिसे, सम्मटार, वडा कार्यालय, डाँडाखर्क, मझुवा, पोखरीडाँडा सडक स्तरोन्नती योजना |
| ९ | पोकली, वाच्पु सडक सोलिङ्ग योजना |
| | लेति, काउँले सडक सोलिङ्ग योजना |

**१०.निर्णय नं. १०,** प्रस्ताव नं. १० माथि आवश्यक छलफल गर्दा आ.व. २०७९/८० मा समपूरक तथा विशेष अनुदान मागका लागि संघ तथा प्रदेशमा पेश गरिने देहायका आयोजनालाई पारित गरि आगामि दशौं गाउँ सभामा  स्वीकृतिको लागि पेश गर्ने सर्बसम्मतबाट निर्णय गरियो।

१. समपूरक अनुदान तर्फः-

१) वडा कार्यालय भवन निर्माण आयोजना,

२) राङ्चा, बाघखोर सडक निर्माण आयोजना,

३) विचारी आहाल, गाउँपालिका केन्द्र सडक निर्माण आयोजना,

४) यसम, गाम्नाङ्गटार मुलपंधेरा सडक निर्माण आयोजना,

५) गाम्नाङ्टार, मुलपँधेरा, भञ्ज्याङ्ग सडक निर्माण आयोजना,

६) भञ्ज्याङ्ग, माहोरडाँडा सडक निर्माण आयोजना,

७) प्रशासकीय भवन निर्माण आयोजना।

२. विशेष अनुदान तर्फः-

१) स्वास्थ्य क्षेत्र पूर्वाधार (५ शैय्या आधारभूत अस्पताल संरचना निर्माण) विकास आयोजना,

२) शिक्षा क्षेत्र पूर्वाधार विकास आयोजना,

३) कृषि क्षेत्र पर्वाधार विकास आयोजना।

**११.निर्णय नं. ११,** प्रस्ताव नं. ११ माथि आवश्यक छलफल गर्दा देहायका समिति, शाखाहरु तथा प्रमुख प्रशासकीय अधिकृतको प्रतिवेदन पारित गरि आगामि दशौं गाउँ सभामा पेश गर्ने सर्बसम्मतबाट निर्णय गरियो।

- कार्यपालिका समितिहरुको प्रतिवेदन,
- वडा समितिहरुको प्रतिवेदन,
- विषयगत समितिहरुको प्रतिवेदन,
- विषयगत शाखा, उप शाखा तथा कार्यालयको प्रतिवेदन,
- प्रमुख प्रशासकीय अधिकृतको प्रतिवेदन,

**१२.निर्णय नं. १२,** प्रस्ताव नं. १२ माथि आवश्यक छलफल गर्दा कार्यपालिकाको बैठक आवश्यकता अनुसार बस्ने सर्वसम्मतबाट निर्णय गरियो ।